# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

# २०७७

## पञ्चदेवल विनायक नगरपालिका

## अछाम




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६/७७

च.नं.३७

मिति: २०७७/३/२४

श्री नगर प्रमुखज्यू,
पञ्चदेवल विनायक नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, अछाम ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

२०७७/३/२४

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



(टंकमणि शर्मा, दंगाल)

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते .

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय
२०१६

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या : २०७६।७७
च.नं :

मितिः २०७७।३।२४

श्री नगर प्रमुख ज्यू,
पन्चदेवल विनायक नगरपालिका,
अछाम ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले पन्चदेवल विनायक नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट ३ करोड ४१ लाख ८२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१४ लाख ४८ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ०४ लाख ०५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ६९ लाख ०८ हजार र पेश्की बाँकी ५४ लाख २१ हजार हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०६।०५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहित विभिन्न २ दफाको रु.३५ हजार असुल फछ्र्यौट भई प्रमाण कागजात पेश हुन आएकोले उक्त दफा प्रारम्भिक प्रतिवेदनवाट हटाइएको छ । अन्य दफा बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २९ (उन्तिस) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्नेजिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनको लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

.....................

(चन्द्रकान्त भण्डारी)

नायव महालेखापरीक्षक

# पन्चदेवल विनायक नगरपालिका, अछाम
# लेखापरीक्षण प्रतिवेदन
# २०७५।७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाँउपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ। सुदूरपश्चिम प्रदेशमा अवस्थित यो नगरपालिका अन्तर्गत वडा ०९, १४७.७५ वर्ग कि.मी.क्षेत्रफल र २७४८५ जनसंख्या रहेको छ।

**स्थानीय संचितकोष** : आर्थिक वर्ष २०७५।०७६ को स्थनीय संचितकोषको आयव्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

| आयतर्फ | | | | व्ययतर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| **सि.नं** | **विवरण** | **रकम** | **रकम** | **सि.नं.** | **विवरण** | **रकम** | **रकम** |
| १ | **गत वर्षको जिम्मेवारी** | ० | ४७२८२९३७.३७ | १ | **चालु खर्च** | ३२२६१८२००.९० | ३२२६१८२००.९० |
| | क) नगद | ० | ० | २ | **पूँजीगत खर्च** | १४७१६०२७.०३ | १४७१६०२७.०३ |
| | ख) बैंक | ४७२८२९३७.३७ | ० | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | ० | ० |
| २ | **राजस्व ( आन्तरिक आय)** | ० | ६६८३१५५१.२७ | | क) ऋण भुक्तानी | ० | ० |
| | क) आन्तरिक राजस्व | १८९२३९६.३९ | ० | | ख) ब्याज भुक्तानी | ० | ० |
| | ख) राजस्व बाँडफाँड | ६३८८१९१०.०७ | ० | | ग) अन्य भुक्तानी | ० | ० |
| | ग) सवारी साधन कर प्रदेश सरकार | १०५७२४४.८१ | ० | ४ | **लगानी** | ० | ० |
| ३ | **वित्तीय हस्तान्तरण** | ० | ३१०३३७७२७.७० | | ऋण लगानी | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क) वित्तीय समानीकरण अनुदान | ८९९०००००.०० | ० | | शेयर लगानी | ० | ० |
| | ख) सशर्त अनुदान | २०३६६९७२७.७० | ० | | अन्य लगानी | ० | ० |
| | ग) समपूरक अनुदान | १६७६८०००.०० | ० | ५ | **धरौटी फिर्ता** | ०.०० | १०४२५४३.१७ |
| | घ) विशेष अनुदान | ०.००० | ० | ६ | **कोष फिर्ता** | ० | १५०३५१९४.६० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ८२५८२००.०० | ७ | **मौज्दात** | ० | ३२५१८२३९.८१ |
| | क) वित्तीय समानीकरण अनुदान | ६९९००००.०० | ० | | क) नगद मौज्दात | ० | ०.०० |
| | ख) सशर्त अनुदान | १२६८२००.०० | ० | | ख) बैंक मौज्दात ( मुलखाता) | ३२५१८२३९.८१ | ० |
| | ग) समपूरक अनुदान | ०.०० | ० | | | .०० | ० |
| | घ) विशेष अनुदान | ०.०० | ० | | | ० | ० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | ० | ० | | | ० | ० |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | ० | ० | | | ० | ० |
| | क) ऋण प्राप्ति | ० | ० | | | ० | ० |
| | ख) साँवा प्राप्ति | ० | ० | | | ० | ० |
| | ग) ब्याज प्राप्ति | ० | ० | | | ० | ० |
| | घ) अन्य प्राप्ति | ० | ० | | | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | विभिन्न कोषतर्फको आय | ०.०० | ०.०० | | | ० | ० |
| ८ | जनसहभागिता (नगद) | ० | ० | | | ० | ० |
| ९ | विषयगत निकायबाट प्राप्त रकम | ८४०३२७९२.०० | ८४०३२७९२.०० | | | ० | ० |
| १० | धरौटी आय | १५८६९९७.१७ | १५८६९९७.१७ | | | ० | ० |
| ११ | लगानीको साँवा फिर्ता | ० | ० | | | ० | ० |
| १२ | अन्य विविध आय | ० | | | | ० | ० |
| १३ | अग्रिम आय कर दाखिला बाँकी | ० | | | | ० | ० |
| | **जम्मा** | **५१८३३०२०५.५१** | **५१८३३०२०५.५१** | | **जम्मा** | **५१८३३०२०५.५१** | **५१८३३०२०५.५१** |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>वित्तिय लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन् :</td><td></td></tr>
<tr><td>१.</td><td>बैंक मौज्दात : यस बर्षको अन्तमा श्रेस्ताको मौज्दात रु.३२५१८२।३९ देखिएकोमा बैंक स्टेटमेन्ट अनुसार सोही रकम देखाएको छ। कार्यालयले बैंक हिसाव विवरण म.ले.प.फा.नं. १५ तयार गरेको देखिएन। तसर्थ बैंक हिसाब मिलान विवरण तयार गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>२.</td><td>बचत रकम फिर्ता: आर्थिकवर्ष भित्र खर्च नभई बांकि रहन आएको सशर्त अनुदान तथा फिर्ता गर्नुपर्ने भनि तोकिएका बजेट शीर्षकहरुमा बचत रहेको रकम संघीय संचितकोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । कार्यालयले निम्नानुसार बजेट उपशीर्षकहरुमा बचत रहेको रकम फिर्ता नगरेकोले फिर्ता गर्नुपर्ने देखिएको रु.
<table>
<tr><td>बजेट उपशिर्षक नं.</td><td>निकासा</td><td>खर्च</td><td>फिर्ता गरेको</td><td>बांकी</td></tr>
<tr><td>सशर्त अनुदान कृषि</td><td>५४८९०००.००</td><td>१९४००००.००</td><td>०.००</td><td>३५४९०००.००</td></tr>
<tr><td>सशर्त अनुदान स्वास्थ्यतर्फ</td><td>३८८३४५००.००</td><td>३०३५२३१९.६०</td><td>५८७३१८०.००</td><td>२६०९०००.४०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td>६१५८०००.४०</td></tr>
</table></td><td>६१५८०००.४०</td></tr>
<tr><td>३.</td><td>प्रोदभावी लेखा : नगरपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खचंको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन।</td><td></td></tr>
<tr><td>४.</td><td>विद्युतिय लेखा : अर्थ मन्त्रालयको च.नं.२९३ मिति २०७४।९।२ को प्रदेश तथा स्थानीय तह संचितकोषका व्यवस्थपन प्रणाली कार्यान्वयन सम्वन्धि पत्रानुसार बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण निर्देशिका २०७४ को वुंदा नं. ५.१० मा सबै स्थानियतहहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नु पर्ने व्यवस्था छ । सबै स्थानियतहले सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट User ID तथा Passwordप्राप्त गरी आफ्नो संचितकोषको संचालनमा गर्नुपर्ने, वजेट निर्माण, लेखापालन र प्रतिवेदनका लागि यस प्रणालीको उपयोग गर्ने उल्लेख गरेकोमा यस वर्ष नगरपालिकाले Sub National Tresury Regulatory application (SUTRA)प्रयोगमा ल्याएको देखिएन । तसर्थ</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | (SUTRA) प्रयोग गरी लेखा प्रणाली व्यवस्थित गर्नु पर्दछ । | |
| ५. | **वजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादात्म्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । नगरपालिकाले सो अनुसार कार्य गरेको छैन । अतः तोकिएअनुरुपको प्रक्रिया मिलाइ कार्यक्रम तयार गर्नुपर्दछ । | |
| ६. | **श्रोत अनुमान तथा वजेट सिमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालीकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलीत वितरण, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा सो अनुसार पेश गरेको देखिएन । | |
| ७. | **कर तथा आन्तरिक स्रोत :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ५४ बमोजिम नगरपालिकाको वित्तिय अधिकार क्षेत्रमा कानून बमोजिम वाहेक नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्र कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाइने उल्लेख छ । सोही ऐनको दफा १०२ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन वनाई राजपत्रमा प्रकाशन गर्नुपर्ने र प्रकाशन नभएसम्म लागु नहुने उल्लेख छ । नगरपालिकाले यो वर्षआन्तरिक श्रोतको रुपमा रु.३७२४५००।०० आन्तरिक आय गर्ने लक्ष्य राखेकोमा रु.१८९२३९६।०० कर असूली गरेको देखिन्छ । ऐन वनाई राजपत्रमा प्रकाशन नहुँदै कर दस्तुर समेत असूल गर्नु कानून सम्मत देखिएन । अतः कानून बनाई असुल गर्ने परिपाटी विकसित गर्नुपर्दछ । | |
| ८. | **स्थानिय राजस्व परामर्श समिति :** स्थानिय सरकार संचालन ऐनको दफा ६५ बमोजिम नगरपालिकामा राजस्व सम्वन्धी परामर्शको लागि स्थानिय राजस्व परामर्श समिति रहने व्यवस्था अन्तर्गत राजस्व परामर्श समिति गठन गरेको देखिन्छ । सोही ऐनको दफा ६५(२) मा राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार क्षेत्र तोकेको देखियो । ऐनको दफा ६५ को उपदफा २ मा समितिले राजस्व सम्वन्धी नीति तथा कानूनको तर्जुमा गर्ने, राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगमी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने, रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीतिको सम्वन्धमा परामर्श दिने जस्ता अधिकार एवं काम, कर्तव्य तोकेको देखिन्छ । ऐनको | |

| | | |
|---|---|---|
| | व्यवस्था बमोजिमको काम, कर्तव्य गरेको देखिएन । अतः समितिले सो अनुरुप कार्य गर्नुपर्दछ । | |
| ९. | **स्रोत अनुमान र  बजेट निर्धारण समिती** : स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा बजेट तथा कार्यक्रम तर्जुमा समिति, दफा ६७ मा श्रोत अनुमान र वजेट निर्धारण समिति गठनको प्रावधान बमोजिम समिति गठन गरेको देखिन्छ । ऐनको दफा ६७(२) मा बजेट तथा कार्यक्रम तर्जुमा समितिको काम, कर्तव्य र अधिकारको व्यवस्था छ । त्यस्तै ऐनको दफा ६६(३) मा श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिको काम कर्तव्य तोकिएको भएतापनि समिति गठन पश्चात ति समितिहरुले ऐनमा भएको व्यवस्था अनुसार कार्य गरेको देखिएन । अतः समितिहरुले ऐनको व्यवस्था अनुरुप कार्य गर्नुपर्ने देखिन्छ । | |
| १०. | **योजना वनाई कार्यान्वयन :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २४ बमोजिम नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानियस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजना वनाई लागु गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विषय क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना वनाएको देखिएन । अतः योजना बनाई कार्यान्वयन गर्नुपर्दछ । | |
| | **नियमितताको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय बमोजिम छन :** | |
| ११. | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । यस वर्ष नगरपालिकाको प्रमुखबाट प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी दिएको पाइएन । अतः अख्तियारी दिई खर्च गर्नुपर्दछ । | |
| १२. | **स्थानीय तथ्यांक र अभिलेख :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा  भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ नगरपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| १३. | **न्यायिक समितिको वार्षिक विवरण :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ५३(२) बमोजिम नगरपालिकाको न्यायिक समितिले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्वन्धित | |

| | | |
|---|---|---|
| | सभामा पेश गर्नुपर्ने व्यवस्था छ । तर सो समितिले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्वन्धित सभामा पेश गरेको छैन । अतः नगरसभामा पेश गर्नुपर्दछ । | |
| १४. | **नक्सा पास :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २७ मा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने उल्लेख छ । नगरपालिकाले यो वर्ष नक्सा पास गरेको देखिएन । तसर्थ नक्सा पास गराई भवन निर्माण गराउने तर्फ पहल गरिनु पर्दछ । | |
| १५. | **ऐन, नियम, कार्यविधि निर्माण :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन वनाउन सक्ने व्यवस्था छ । नगरपालिकाबाट विभिन्न विषयका ऐन, नियम, कार्यविधि वनाई मस्यौदामा छलफल गरेको भएतापनि पारीत भएको तथा राजपत्रमा प्रकाशन गरेको स्थिति छैन । तसर्थ समयमा नै ऐन, कानून, नियम र कार्यविधि बनाइ लागू गर्नुपर्दछ । | |
| १६. | **चौमासिक प्रगति :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७६(३) बमोजिम प्रमुख प्रशासकिय अधिकृतले नगरपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिन भित्र कार्यपालिकाको वैठकमा पेश गर्नु  पर्नेमा पेश गरेको देखिएन । | |
| १७. | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| १८. | **बक्यौता रकम असुली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तिय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । नगरपालिकाले गत विगत वर्ष देखिको वक्यौता असूली विवरण नराखेकोले वक्यौता हिसाव राखि अद्यावधिक गर्नु पर्दछ । | |
| १९. | **आन्तरीक नियन्त्रण प्रर्णाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । | |

- पुराना मालसमानको मूल्य नखुलेको,
- जिन्सी मालसमानको लिलाम/मर्मत नभएको,
- पेश्की समयमा फछ्र्यौट नगरेको,
- उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको,
- वार्षिक खरिद योजना तयार नभएको,
- सवारी साधनको लगबुक रीतपूर्वक नराखेको
- कानूनको परिपालना पूर्णरुपमा नगरेको कारणले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नभएको र सेवा प्रवाहमा ढिलाइ भएको हुँदा यथोचित व्यवस्थापनद्धारा कार्य सम्पादन/सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ ।

**कार्यक्रमगत/योजना संलग्नबाट देखिएका व्यहोरा देहायबमोजिम छन् :**

२०. **लक्ष्य प्रगतिको स्थिति :** कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनाको लक्ष्य प्रगति विवरण तयार गरी त्यसको भौतिक र वित्तीय प्रगतीको समीक्षा गर्नुपर्ने उल्लेख छ । कार्यालयले भौतिक र वित्तिय प्रगति देखिने प्रगति विवरण तयार गरेको छैन ।

२१. **उपभोक्ता समितिलाई आनुपातिक बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावलीको नियम ९७ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समूहद्धारा गराइने निर्माण कार्य लागत अनुमानको आधारमा नगरपालिकाले व्यहोर्ने अंश र उपभोक्ताले व्यहोर्ने अंश छुट्याई उपभोक्ता समितिसंग सम्झौता गरी कार्य गराएको हुन्छ । लागत अनुमानको आधारमा निर्माण सम्पन्न गरेपछि वास्तविक लागतको आधारमा सम्झौता बमोजिम सहभागितको अंश कार्यालय र उपभोक्ताले व्यहोर्नुपर्दछ । देहायका निर्माण कार्यहरुमा लागत अनुमान गर्दा एवं सम्झौता बमोजिमको लागत सहभागिताभन्दा उपभोक्ताले घटी अंश व्यहोरेको बाट आनुपातिक हिसाबले उपभोक्ता समितिलाई बढी भुक्तानी गरेको रकम असूल गरी दाखिला गर्नुपर्ने रु. ८१७७१.००

| भौ.नं मिति | योजनाको नाम | लागत अनुमान | उपभोक्ता प्रतिशत | सम्पन्न रकम | उपभोक्ता लाई | | बढी रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | |
| २०९, ०७६.३.११ | लयांटी स्वास्थ्य चौकी | २१५३२३२ | २१.०० | २१२४५७९ | १६७८४१७ | १७००००० | २१५८२ |
| ४७, ०७५.१०.१६ | गैरीगाउ धादिङ कृषि सडक | ६७१७१४ (प्रथम रनिंग बिल) | २०.९६ | ८३९६४२ | ६६३६५३ | ६७१७१४ | ८०६० |
| ७४, ०७५.१२.१० | घाटछाल तटबन्धन | ५१८०९६ | २२.७९ | ५०५३२२ | ३९०१५९ | ४००००० | ९८४१ |
| १५३, | पान्डाडा | ३८१९८९ | २१.४६ | ३७९३१९ | २९७९१७ | ३००००० | २०८३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ०७६.०२.०१ | गाउघर क्लिनिक | | | | | | |
| १८७, ७६.०३.०४ | बनसेडा खानेपानी | ५१२३७४ | २१.९३ | ५०३३३१ | ३९२९५० | ४००००० | ७०५० |
| १९९, ०७६.०३.०८ | मालिका मावि घेरा पर्खाल | १००१७१८ | २०.१४ | ९९५८८५ | ७९५३१३ | ८००००० | ४६८७ |
| १२१, ०७६.०१.२२ | भ्यागुते खोला खा.पा. मर्मत | २३०५२५ | २१.९२ | २२५८७७ | १७६३६४ | १८०००० | ३६३६ |
| १२२, ०७६.०१.२२ | टापु सिंचाइ कुलो | ५०४२८३ | २१.०० | ५०२६९८ | ३९७१३१ | ४००००० | २८६९ |
| २१८, ०७६.०३.१५ | वडारे खा.पा. | ३३११२० | २४.५ | ३२६२७६ | २४६३२८ | २५०००० | ३६६२ |
| १३५, ०७६.०१.२४ | पुलेतोला बगिर तुर्वन | २५४६५९८ | २०.४६ | २५१०७८६ | १९९७०७८ | २०००००० | २९२२ |
| २१९, ०७६.०३.१५ | सीमसांचुला खा.पा. | ३५५८२९ | २१.३१ | ३५०९८५ | २७६१९० | २८०००० | ३८१० |
| २२२, ०७६.०३.१७ | लिङ्चा रीठा खा.पा. | ३०५२४७ | १८.१० | २९९९०० | २४५६१८ | २५०००० | ४३८२ |
| २१६, ०७६.०३.१३ | रुपादेवी आ.वि. दुइकोठे भवन | ३८१९९६ | २१.४७ | ३७२८६८ | २९२८१३ | ३००००० | ७१८७ |
| जम्मा | | | | | | | ८१७७१ |

२२. **नगरपालिकाको भौगोलिक क्षेत्रबाहिर खर्च :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ३ बमोजिम नगरपालिकाको भौगोलिक क्षेत्र निर्धारण हुने र दफा ५ बमोजिम वडाको सीमा निर्धारण हुने व्यवस्था छ । नगरपालिकाले आफ्नो कार्यक्रम र बजेट सोही भौगोलिक क्षेत्र भित्र खर्च गर्नु पर्दछ । निम्नानुसार भौचर नंम्बर मितिबाट भौगोलिक सीमानाभन्दा अन्यत्र बजेट खर्च गरेकोले खर्च नियमित नदेखिएको रु. ६०००००.००

| भौ.नं. र मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| २९, ०७५/०८/२५ | विपी स्मृति भवन निर्माण | ५०००००.०० | मंगलसेन न.पा.को भौगोलिक क्षेत्रभित्र वि.पी. स्मृति भवन निर्माणको लागि |
| ०२, ०७५/०६/१२ | ॐ शान्ति भवन निर्माण | १०००००.०० | मंगलसेन न.पा.को भौगोलिक क्षेत्रभित्र रहेको ब्रह्मकुमारी विश्वविद्यालय भवन निर्माण |
| जम्मा | | ६०००००.०० | |

२३. **प्राविधिक पुष्ट्याई :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा लागत अनुमान गर्दाको परिमाण भन्दा धेरै बढी फरक परेमा फरक पर्नाको कारण सहित प्राविधिक पुष्ट्याइ गर्नुपर्दछ । भौ.नं.०३,२०७५।०६।१६जम्फुगडा चिल्तडा भानाकोट सडक निर्माण योजना उपभोक्ता समितिबाट गराएबापत रु.२२११२६१।०० भुक्तानी गरेकोमा निम्नानुसार कार्यपरिमाण फरक परेकोमा प्राविधिक

पुष्ट्याई नगरेको रु. १४७८३३०.८३

| कामको विवरण | ल.इ. परिमाण | सम्पन्न परिमाण | फरक परिमाण | दर | रकम |
|---|---|---|---|---|---|
| नरम माटो | ४८१५ | ९२९५.४० | ४४८०.४० | ९३.८४ | ३४६७२७.७८ |
| कडा माटो | ११०३४.३८ | ६३९२.३७ | ४६४२.०१ | १२१.५३ | ६३२४१३.४७ |
| नरम चट्टान | ८०२.५० | ९४८.१४ | १४५.६४ | ३३०.५८ | ३०३५८.०८ |
| कडा चट्टान | १६०५ | १८४९.९२ | २४४.९२ | २४१७.१३ | ४६८८३१.५ |
| जम्मा | | | | | १४७८३३०.८३ |

२४. **कार्यविवरण :** भौ.नं.१६,२०७५।०६।२३ वाट फिल्ड सुपरभाइजर श्री इन्द्रबहादुर रावललाई २ महिनाको ज्यालादारीमा योजना निरीक्षण गर्न राखेकोमा दैनिक कामको विवरण उल्लेख नगरी सुपरभिजन गरेको योजनाको विवरण समेत नराखी खर्च गरेकाले नियमति नभएको रु. ४२१६०.००

२५. **कार्यप्रगति :** भौ.नं.१९।०७५।०६।२५,पञ्चदेवल क्याम्पसलाई आर्थिक अभाव भएको मागको आधारमा रु ३०००००।०० भुक्तानी गरेको देखिन्छ । उक्त रकमबाट क्याम्पसले गरेको कामको विवरण, प्रगती अवस्था पेश नगरेकोले उक्त खर्चको सुनिश्चितता गर्नुपर्ने रु. ३०००००.००

२६. **पहाड खबर साप्ताहिक :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७(१) बमोजिम कार्यालयको बजेट तोकिएबमोजिम खर्च गर्नुपर्दछ । त्यस्तै नगरपालिकाले नगरसभाबाट स्वीकृत बार्षिक नीति तथा कार्यक्रमको आधारमा खर्च गर्नुपर्दछ । निम्नबमोजिमका भौचर नंम्बर र मितिबाट पहाडखबर साप्ताहिक नामको एक खबर पत्रिकालाई भुक्तानी गरेको देखियो । निश्चित कार्यक्रमको आधारमा नगरक्षेत्रको आर्थिक, सामाजिक तथा पूर्वाधारको क्षेत्रमा खर्च गर्नुपर्ने रकम एक साप्ताहिक खबर पत्रिकाको कार्यालय व्यवस्थापन तथा कम्प्युटर सामग्री खरिदमा खर्च गरिनु अनियमित हुनुको साथै बजेट खर्च सिद्धान्त विपरित देखिएको रु. ३९६०००.००

| भौ.नं. मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| २५, ०७५/०८/१६ | कार्यालय व्यवस्थापन तथा सामग्री खरिद (ल्यापटप, डेस्कटप कम्प्युटर लगायतका सामान खरिद खर्च ) | २९६०००.०० | पहाड खबर पत्रिकाका प्रकाशक रमेश बहादुर रावतलाई बिलका आधारमा भुक्तानी गरेको । |
| ४०, ०७५/१०/१३ | कार्यालय व्यवस्थापन तथा सामग्री खरिद (ल्यापटप, डेस्कटप कम्प्युटर लगायतका सामान खरिद खर्च ) | ५००००.०० | पहाड खबर पत्रिकाका प्रकाशक रमेश बहादुर रावतलाई बिलका आधारमा भुक्तानी गरेको । |
| ३०९, ०७६/०३/३० | पूंजीगत अनुदान उपलब्ध गराएको | ५००००.०० | नगरसभाको बार्षिक कार्यक्रममा स्वीकृति नदेखिएको पूंजीगत अनुदान । |
| जम्मा | | ३९६०००.०० | |

२७. **वडा अध्यक्षलाईकार्यक्रम संचालन भुक्तानी** : भौ.नं.३०,२०७५।०६।२५नगरसभाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार मष्टामाण्डौं होलि मेला व्यवस्थपन कार्यक्रमको लागि रु.५००००।०० बजेट व्यवस्था गरेकोमा वडा न. २ का वडा अध्यक्ष पदम बहादुर धामीलाई उक्त रकम संचालन बापत भुक्तानी गरेको देखियो । वडा अध्यक्ष स्वयंमले कार्यक्रम संचालन रकम भुक्तानी लिएकोमा अनुगमनको जिम्मेवारीमा रहेका वडा अध्यक्षले कार्यक्रम संचालनको रकम भुक्तानी लिनु नियमित नदेखिएको रु. ५००००.००

| | | |
|---|---|---|
| २८. | **बढी मोबिलाइजेशन पेश्की–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) बमोजिम उपभोक्ता समितिलाई एक तिहाइसम्म पेश्की दिन सकिने उल्लेख छ । विद्यामन्दिर मा.वि. को १० कोठे भवन निर्माणको लागि उपभोक्ता समितिको योगदान समेत रु.४२००९८५।०० लागत अनुमान गरेकोमा न.पा. को तर्फबाट रु.३५००००।०० व्यहोर्ने प्रावधान अनुसार एकतिहाले हुने रु.११६६६६७०० पेश्की दिन सकिनेमा रु.१७५००००।०० पेश्की दिएकोले बढि मोविलाइजेशन पेश्की दिएको नियमित नदेखिएको रु. | ५८३३३३.०० |
| २९. | **मेसिन प्रयोग हुने काममा उपभोक्ता :** भौ.नं.८०,२०७५।१२।१२,चिल्लाडा राकु तामकोट सडक निर्माणको लागि रु.६७८७३००।०० को लागत अनुमान गरी न.पा.ले रु.५६५००००।०० र उपभोक्ताले रु.११३७३००।०० लागत व्यहोर्ने गरी सम्झौता गरेको देखिन्छ । उपभोक्ता समितिले पेश गरेको प्रथम रनिङ विलअनुसार रु४४५६८२३।०० भुक्तानी गरेको छ । उपभोक्ताले चिरञ्जवी विल्डर्स, अछामको मेशिन प्रयोग गरेको मिति २०७५।१२।११ को विल अनुसार रु४४५७५६७।५० को मू.अ.कर विजक पेश गरेकोमा मेशिनद्धारा सबै काम गराएकोमा उपभोक्ताले कुनै अंश व्यहोरेको देखिदैन । तसर्थ मेशिनमात्र प्रयोग गर्ने श्रमप्रदान नहुने कार्यमा उपभोक्ता समिति खडा गरी कार्य गराउनु उपयुक्त देखिएन । | |
| ३०. | **सार्वजनिक जग्गामा बनेको घरको क्षतिपूर्ति :** भौ.नं.८८,२०७५।१२।१३कार्यपालिकाको मिति२०७५।०८।११ को निर्णयले वडा नं.८ का वडा अध्यक्ष ताराप्रसाद खनाल र घरमलिक छत्रबहादुर शाहीबीच वडा कार्यालय भवनकोलागि जग्गा व्यवस्थापन गर्न प्राविधिक मूल्यांकन गराइ घर निर्माण कर्ता छत्रहादुर शाहीलाई रु ६ लाख भुक्तानी गरेको छ । वडा कार्यालयको नाममा उक्त घर पास भइ आएको धनीपुर्जा पेश भएको छैन । कार्यपालिकाको निर्णयमा उक्त घर सार्वजनिक जमिनमा निर्माण भएको खुलेकोले सार्वजनिक जमिनमा बनाएको घरको क्षतिपूर्ति कार्यालयले भुक्तानी गरेको देखियो । सार्वजनिक जमिनको संरक्षण गर्नुपर्ने दायित्व एवं कर्तव्य भएको नगरपालिकाले अतिक्रमण गरी बनाएको घरको क्षतिपूर्ति प्राविधिक मूल्यांकन गराइ भुक्तानी गर्नु कानुनसम्मत नहुने हुनाले यस प्रकारको निर्णयमा संलग्न पदाधिकारीलाई समेत जिम्मेवार बनाइनुपर्ने रु | ६०००००.०० |
| ३१. | **उपभोक्ता समितिलाई बढी भुक्तानी :** भौ..नं. १३८।०७६।०१।२४ऋषिकुल मा.वि. को ४ कोठे भवन निर्माणको लागि रु.५०९५९३५।०० को लागत अनुमान गरी नगरपालिकाले रु३२०००००।०० र उपभोक्ता समितिको तर्फबाट रु.१८९५९३५।७६(३७.२० प्रतिशत) योगदान गर्ने गरी लागत अनुमान स्वीकृत गरेको देखिन्छ । उपभोक्ता समितिले पेश गरेको दोस्रो रनिङ विल अनुसार रु ४७६३९३४६।५३ को कार्य गरेकोमा अघिल्लो विलबाट रु.२४४८०००।०० भुक्तानि गरिसकेको उल्लेख छ । दोश्रो विलसम्ममा खुद काम भएको रु४७३९३४६।५३ मा उपभोक्ताले अंश व्यहोर्ने ३७.२० प्रतिशतले हुने रु.१७६३०३६।९० कट्टा गरी दोश्रो विल सम्ममा रु २९७६३०९।६२ उपभोक्ता समितिलाई भुक्तानी गर्नुपर्ने हुन्छ । अघिल्लो विलबाट रु.२४४८०००।०० भुक्तानी गरिसकेको उल्लेख गरेकोले बांकी रु.५२८३०९।६२ भुक्तानी गर्नुपर्नेमा रु १२३३१८२।०० भुक्तानी गरेको देखियो । कार्यालयले प्रथम रनिङ विल रकम उल्लेख गरेको आधारमा बढि भुक्तानी रु ७०४८७२।३७ देखिएकोले शुरु देखिको भुक्तानी विल पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु | ७०४८७२.३७ |
| ३१.१ | दोश्रो रनिङ विलमा प्रथम रनिङ विल सम्ममा काम भएको रु. ३०३३१८१।७८ देखाई सो कामको रकम घटाइ गणना गरेकोमा प्रथम रनिङ विल पेश नभएबाट प्रथम रनिङ विलको रकम यकिन हुन नसकेको रु. | ३०३३१८१.७८ |

<table>
<tr><td>३२.</td><td>उपभोक्ताको घटी अंश : भौ.नं.१७३, मिति २०७६।०२।१६ बाट लाम्पाटा लोपगांउ सडक योजना संचालनको लागि रु.८४६३७८।६२ को लागत अनुमान गरी नगरपालिकाले रु ७०५०००।०० (८३.३९ प्रतिशत) र उपभोक्ता समितिले रु १४१३७८।८२ (१६.७१ प्रतिशत) व्यहोर्ने गरी उपभोक्ता समितिसंग सम्झौता गरेको देखिन्छ । उपभोक्ता समितिलाई लागत अनुमान बमोजिम काम भएको आधारमा रु.७०५०००।०० भुक्तानी गरेको छ । अन्य सडक योजनामा २०–२१ प्रतिशत उपभोक्ताको अंश व्यहोरेको आधारमा २० प्रतिशत योगदान कट्टा रु.१६९२७५।७२ गरी रु ६७७१०२।८९ भुक्तानी गर्नुपर्नेमा रु ७०५०००।०० भुक्तानी गरेकोले रु २७८९७।१० बढी भुक्तानी असूल गर्नुपर्ने रु.</td><td>२७८९७.१०</td></tr>
<tr><td>३३.</td><td>मेसिन प्रयोग : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा लोडर डोजर जस्ता मेसिन प्रयोग गर्न नहुने उल्लेख छ । भौ.नं.३९२, २०७५।१२।१३ दोवाटा–तिमिलपैठे सडक निर्माणको लागि रु.४८७९९३५।०० को लागत अनुमान गरी न.पा. को ३९०००००।०० (७९.९२ प्रतिशत ) र उपभोक्ताको योगदान रु.९७९९३५।०० (२०.०८ प्रतिशत) हुने उल्लेख गरेको देखिन्छ । उपभोक्ता समितिबाट पेश गरेको बिल अनुसार न्यू जाल्पादेवी निर्माण सेवा अछामलाई मेशिन प्रयोगको विलबापत रु.३९००१९५।०० उपभोक्ताले भुक्तानी गरेकोले श्रम प्रदान नभएको कार्यमा उपभोक्ता समितिसंग सम्झौता गरी डोजर प्रयोगकर्तालाई उपभोक्ता मार्फत भुक्तानी गरेबाट मेसिन प्रयोगको दर कार्यालयले प्रतिस्पर्धी बनाउन नसक्नुको साथै निर्माण कार्य मितव्ययी हुन सकेको छैन ।</td><td></td></tr>
<tr><td>३४.</td><td>फोटोकपी बिल :आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ वमोजिम प्रमाणित बिल भरपाईको आधारमा खर्च गर्नुपर्दछ ।भौ.नं.१०९, २०७५।०९।१९ वण्डाली देवता मन्दिर निर्माण गर्न रु.३७४३६२।०० को लागत अनुमान गरी रु.३०००००।०० नगरपालिकाले उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । उपभोक्ताले पेश गरेको हिमाल ट्रेडर्स एण्ड आल्मुनियम सप्लायर्स, नेपालगंजलाई रु. ४८४०१।४७ को फोटोकपी मू.अ.कर विजकको आधारमा खर्च लेखिएकोले उपभोक्ता समितिले सार्वजनिक निकायलाई सक्कल बिलविजक पेश गर्नुपर्ने रु.</td><td>४८४०१.४७</td></tr>
<tr><td>३५.</td><td>प्रतिवेदन : भौ.नं.२०८, ०७६।०५।११ बार्षिक स्वीकृत कार्यक्रम अनुसार रेडियो पन्चदेवल एफ.एम.लाई एफ.एम.को क्षमता तथा गुणस्तर अभिवृद्धिको लागि रु.५०००००।०० भुक्तानी गरेकोमा गुणस्तर अभिवृद्धि भए नभएको आश्वस्त हुने परीक्षण प्रतिवेदन पेश गरेको देखिएन तसर्थ नगरपालिकाले रकम उपलब्ध गराएपछि उक्त एफ.एम. मा साबिकमा भएको भन्दा गुणस्तर र क्षमतामा विस्तार भएको विश्लेषण प्रतिवेदन लिइ बजेट खर्चको सुनिश्चितता हुनुपर्ने रु.</td><td>५०००००.००</td></tr>
<tr><td>३६.</td><td>उपभोक्ताको अंश : भौ.नं.२०१, ०७६।०३।०९दोवाटा–तिमिलेपैठ ग्रामिण सडक निर्माणको लागि रु.१२५३१०४।०० को लागत अनुमान गरेकोमा उपभोक्ताको तर्फबाट रु.२५३१०४।०० व्यहोर्ने उललेख गरी न.पा.को अनुदान रु १००००००।०० रहेको छ । उपभोक्ताले पेश गरेको विल भरपाइ अनुसार न्यू जाल्पादेवी निर्माण सेवा, अछामको डोजरको विल रु.१०००५०।०० पेश गरेबाट उपभोक्ता समितिले श्रम प्रयोग गरेको देखिएन तसर्थ उपभोक्ता समितिमार्फत काम गराइनुको औचित्य समेत रहेन ।</td><td></td></tr>
<tr><td>३७.</td><td>प्राविधिक पुष्ट्याई : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा लागत अनुमान गर्दाको परिमाण भन्दा धेरै बढी फरक परेमा फरक पर्नाको कारण सहित प्राविधिक पुष्ट्याइ गर्नुपर्दछ । भौ.नं.२७९,२०७५।०३।२५चिल्तडा–राकु–तामकोट सडक निर्माणको लागि उपभोक्ता समितिबाट गराउने गरी रु. ६७८७३००।०० को लागत अनुमान गरी कार्य सम्पन्न गरेको प्रतिवेदन पेश गरेकोमा निम्नानुसार आइटममा घटी बढि काम गराएको गराएको देखियो:-<br>
<table>
<tr><td>कामको विवरण</td><td>ल.इ. परिमाण</td><td>सम्पन्न परिमाण</td><td>फरक परिमाण</td><td>प्रतिशत</td><td>दर</td><td>रकम</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| साधारण माटो काट्ने | १८३००.३५ घ.मि. | ७५५३.५५ | १०७४६.८० | ५८.७२ | ८९.५७ | ९६२५९०.८३ |
| कडा माटो काट्ने | १२१४२.३२ घ.मि. | ५८५१.२४ | ६२९१.०८ | ५१.८१ | ११५.९६ | ७२९५१३.६६ |
| नरम चट्टान काट्ने | १५७४.४१ घ.मि. | १३०३.६२ | २७०.७९ | १७.१९ | ३२३.५० | ८७६०१.२६ |
| कडा चट्टान काट्ने | १२२६.३७ घ.मि. | १९१७.५३ | ६९१.१६ | ५६.३५ | २१६४.३८ | १४९५९४०.८४ |
| | जम्मा | | | | | **३२७५६४६.५९** |

| | | |
|---|---|---|
| | उपरोक्त अनुसार १७.१९ प्रतिशत देखि ५८.७२ प्रतिशत सम्म कार्यपरिमाण थपघट गरेकोमा प्राविधिक पुष्ट्याइ सहितको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु. | ३२७५६४६.५९ |
| ३८. | **उपभोक्ता समितिलाई बढी भुक्तानी :** भौ.नं.३०८/०७६/०३/३०दलित मिलन सहकारी भवन निर्माण योजनाकोलागि रु.२५८८४५।०० को लागत अनुमान गरेको देखिन्छ । २०७५।०३।२९ को स्वीकृत टिप्पणि एवं प्राविधिक प्रतिवेदन अनुसार रु.१२१७००।०० खुद भुक्तानी दिनुपर्ने उल्लेख गरेतापनि रु.२०००००।०० उपभोक्ता समितिलाई भुक्तानी गरेकोले रु.७८३००।०० असुल गर्नुपर्ने**रु.** | ७८३००.०० |
| ३९. | **सर्भे प्रतिवेदन एवं स्वीकृति :** भौ.नं.३१७/२०७६।०३।३१ बाटचिल्ताडा-रांकु-कुजेडा-आलि लगायतका विभिन्न ९ वटा सडकको १६.९६ कि.मि. सर्भे गरेबापत ई. माधवराज अधिकारीलाई रु. ४९८१८३।०० भुक्तानी गरेकोमा तत् तत् योजनाको सर्भे रिपोर्ट पेश हुनुपर्ने साथै सर्भेकार्यको खर्च नगरसभाबाट अनुमोदन गराउनुपर्नेमा अनुमोदन नगराएकोले खर्च नियमित नदेखिएको रु. . | ४९८१८३.०० |
| ४०. | **बृक्षारोपण तथा अनुगमन :** सामुदायिक तथा कवुलियति वन विकास कार्यक्रम अन्तर्गत रु.१०००००।०० बजेट व्यवस्था गरी खर्च गरेको देखिन्छ। रमाइलो नमूना कबुलियति वन वृक्षारोपण गर्नकोलागि ७८६ वटा विरुवा रोपण गर्ने र खाल्टो खन्ने पुर्ने कार्यमा लागत अनुमान गरेकोमा विरुवा खरिद गरेको रीतपूर्वक नर्सरीको बिल उपभोक्ताबाट पेश नगरेबाट कामको वास्तविकता यकिन हुन नसक्ने हुनाले अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्ने रु. | १०००००.०० |
| ४१. | **वैकल्पिक उर्जा कार्यक्रम :** | |
| ४१ | भौ.नं.०३।०७६।०३।३१बाट दुर्गादेवी अर्डर एण्ड सप्लायर्स/कौशिक निर्माण सेवालाई विनायक वजार क्षेत्रमा सोलार जडान गरेबापत रु.४८०८००।०० भुक्तानी गरेको देखियो। उक्त सोलार प्यानल जडान एवं प्रयोगको पुष्ट्याइ हुने प्राविधिक तथा अनुगमन प्रतिवेदन लिई बजेट खर्चको प्रतिफल सुनिश्चित गर्नुपर्ने रु. | ४०८८००.०० |
| ४१ | भौ.नं. ०४ २०७६।०३।३१बाट विनायक बजार क्षेत्रमा सिभिलकार्यस्टिल पोल, सोलार र लाइट खरिदतथा जडान गर्नको लागि मंगलासैनी कन्स्ट्रक्सन अछामलाई रु.४८७२१५।०० भुक्तानी गरेको छ। कार्यसम्पन्न प्रतिवेदन अनुसार सोलार लाइट ८ थान को मू.अ.कर समेत रु. ११७६००।०० भुक्तानी गर्दा मू.अ.कर नलाग्ने सोलार प्यानेलमा भ्याट भुक्तानी गरेकोले रु.१३५२९।०० असूल गर्नुपर्ने | १३५२९.०० |
| ४२. | **गाडी भाडा :** कार्यालयले विभिन्न पदाधिकारीहरु तथा कर्मचारीहरुको लागी गाउँपालिका देखि विभिन्न ठाउँमा तथा गाउँपालिका भित्रै आवतजावतको लागी विभिन्न गाडीधनीहरुसँग सम्झौता गरी विभिन्न दरमा रकम भुक्तानी गर्ने गरेको पाइयो । आवश्यकता र औचित्यको आधारमा एकमुष्ठ प्रतिस्पर्धाको विधिद्वारा भाडादर कायम गरी भाडामा लिन सकिने भएतापनि पटके रुपमा गाडीवालासँग सम्झौता | |

<table>
<tr><td></td><td>गरी खर्च लेखिनु उचित देखिएन । कुनै मापदण्ड वेगर भाडा भुक्तानी गरेको, वित्तीय समानिकरण बाट प्राप्त रकम भाडा भनि भुक्तानी गरेको, सुविधा उपलब्ध गराउने यकिन आधार वेगर खर्च गरेको रकम नियमित हुनुपर्ने रु.</td><td></td></tr>
<tr><td>४३.</td><td>तलवी प्रतिबेदन : निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अर्न्तगतका निजामती तथा स्वास्थ्य, शिक्षातर्फका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन पारीत गराई मात्र तलब खर्च लेख्नुपर्नेमा कार्यालयले तलबी प्रतिबेदन पारित गराएको छैन । तसर्थ तलवि प्रतिबेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४४.</td><td>अनुगमन खर्च सम्वन्धमा: कार्यालयले विभिन्न मितिमा विभिन्न कार्यक्रममा अनुगमन तथा मूल्याकंन गरेको भनी भ्रमण खर्च लेखेकोमा भ्रमणको अभिलेख तयार गरेको छैन । भ्रमण अभिलेख नहुदा कुन कर्मचारी तथा पदाधिकारीले के प्रयोजनको लागि कति समय अनुगमन तथा भ्रमण गरे भनी बिश्लेषण गर्न सकिएन । अनुगमन तथा भ्रमण गर्दा भ्रमणको उद्धेश्य तथा प्रयोजन प्रस्ट खुलाउने गरेको छैन । दैनिक भ्रमण भत्ता बापत खर्च लेखिएकोमा कार्यक्रम भ्रमण पश्चात प्रतिवेदन तयार गरी कार्यालयमा पेश नगरिएको कारणले सम्बन्धीत कर्मचारी तथा पदाधिकारीहरुले सम्बन्धीत कार्यक्रमको प्रयोजनको लागि नै भ्रमण गरेको हो वा होइन भनी यकीन गर्न सकिएन । यसरी खर्च गर्ने परिपाटिमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४५.</td><td>आर्थिक सहायता:कार्यालयले बित्तीय समानीकरणबाट विभिन्न रोग लागि उपचार सहयोग बापत हेरिएका केही भौचरहरुको आधारमा विभिन्न १८ जना लाई रु.४५५०००।०० आर्थिक सहायता वितरण गरेको छ । आर्थिक सहायता वितरणको मापदण्ड निर्धारण गरेको छैन, जसले गर्दा वितरणमा पटके निर्णय तथा कार्यपालिकाको स्वविवेकीय निर्णय रहने देखियो । तसर्थ विभिन्न प्रकारका राहत वितरणको मापदण्ड निर्धारण गरी खर्च गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४६.</td><td>बैठक भत्ता : सुदुरपश्चिम प्रदेश बाट पारीत स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ मा तोकिएको सुविधामात्र कार्यालयले पदाधिकारीहरुलाई उपलब्ध गराउनुपर्दछ । उक्त ऐनमा बैठक भत्ता सम्बन्धी कुनै व्यवस्था नभएतापनि कार्यालयले यो बर्ष पदाधिकारी लगायतको बैठक भत्तामा कुल रु.१५३६०००खर्च गरी खुद भुक्तानी रु.१३०५६०० गरेको छ । पदाधिकारीलाई दिने कुनै पनि सुविधा कानूनमा व्यवस्था बेगरको खर्च कानुन सम्मत नदेखिएको रु.
<table>
